ईश्वरपुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
ईश्वरपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
फोन नं. :- ०४६-५७५००५
फ्याक्स नं. :- ०४६-५७५००५
website :- www.ishworpurmun.gov.np
email :- ishworpur2071@gmail.com

०/८

प.सं. :- २०७७/०७८
च.नं. :- ३६२

मिति:- २०७७/०७/२५

श्री वडा समितिको कार्यालय, सबै
ईश्वरपुर नगरपालिका, ईश्वरपुर, सर्लाही ।

विषय : उपभोक्ता समिति गठन गरी सम्झौताकोलागि पठाई दिने सम्वन्धमा ।

प्रस्तुत विषयमा ईश्वरपुर नगरपालिकाको नगरसभावाट चालु आ.व. २०७७/०७८ मा संचालनकालागि स्वीकृत विनियोजन ऐन, २०७७ बमोजिम वडास्तरीय योजना तथा कार्यक्रमहरु उपभोक्ता समितिवाट सञ्चालन गर्ने सम्वन्धमा ईश्वरपुर नगर कार्यपालिकाको मिति २०७७/०७/२४ गतेको वैठकवाट यही २०७७ मंसिर १० गते देखि २०७७ मंसिर मसान्तभित्रमा उपभोक्ता समिति गठन गरी सम्झौताकोलागि नगर कार्यपालिकाको कार्यालयमा पठाइ दिनु हुन अनुरोध गरिन्छ । उपभोक्ता समिति गठनकालागि उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधी २०७५ को दफा-४ बमोजिम तपसिलमा उल्लेखित अनुसार उपभोक्ता समित गठन गर्नु हुन अनुरोध गरिन्छ। साथै योजनाको विवरण यसै पत्र साथ संलग्न गरिएको छ।

**उपभोक्ता समिति गठन गर्दा अवलम्वन गर्नु पर्ने प्रावधानहरु:-**

१. उपभोक्ता समिति गठन गर्दा जुन समुदाय/वस्ती/टोलवाट माग भएको कार्यक्रम हो, सोही टोलवस्तीमा कम्तिमा ७ दिन अगाावै उपभोक्ता समिति गठनका लागि सार्वजनिक सूचना जारी गरी सो आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेला गराई उपभोक्ता समिति गठन गर्नु पर्नेछ।
२. उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमा कम्तिमा १ जना महिला हुनु पर्नेछ।
३. उपभोक्ता समिति गठन गर्दा कम्तिमा ७ देखि ११ सदस्यीय समिति गठन गर्नु पर्ने छ । सो समितिमा कम्तिमा ३३ प्रतिशत महिला सदस्यहरु रहनु पर्नेछ।
४. उपभोक्ता समितिमा, सरकारी कर्मचारी, शिक्षक, जनप्रतिनिधि वा निजको परिवारलाई राख्न पाइने छैन । साथै एकाघर परिवारवाट एक जना भन्दा वढी व्यक्तिलाई उपभोक्ता समितिमा राख्न पाइने छैन ।
५. एक पटक उपभोक्ता समितिमा चयन भएका पदाधिकारीहरुलाई सोही वर्ष अन्य योजना तथा कार्यक्रमको उपभोक्ता समितिमा समावेश गर्न पाइने छैन ।
६. उपभोक्ता समितिका पदाधिकारीहरु साक्षर भएको हुनु पर्नेछ ।

**उपभोक्ता समितिले सम्झौताको लागि पेश गर्नु पर्ने कागजातहरु :-**

१. उपभोक्ता समिति गठन भएको व्यहोरा सहितको वडा कार्यालयको सिफारिस पत्र ।
२. उपभोक्ता समितिको बैठकको सम्झौता गर्ने सम्बन्धी निर्णय प्रतिलिपीहरु ।
३. आम भेलाको माईन्युटको वडा अध्यक्षबाट प्रमाणित प्रतिलिपी ।
४. अध्यक्ष, कोषाध्यक्ष सचिवको तिन पुस्ते खुलाई समितिका सबै पदाधिकारीहरुको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी लिई अध्यक्षको उपस्थिति ।
५. खाताधारीहरुको २/२ प्रती फोटो र खाता खोल्ने सम्बन्धी समितिको निर्णय प्रतिलिपी ।
६. दश (१०) प्रतिशत नगद लागत सहभागिता रकम ईश्वरपुर नगरपालिकाको नेपाल बैंक लिमिटेड बयलवास शाखामा रहेको मुल खाता नं. १०९०३०००००००४००१००१ मा जम्मा गरेको बैंक भौचर ।
७. नगद सहभागिता जुट्न नसक्ने वाहेकका आयोजना र कार्यक्रमहरुमा कम्तीमा पन्ध्र (१५) प्रतिशत श्रम सहभागिता गर्ने उपभोक्ता समितिको प्रतिवद्धता सहितको निर्णयको प्रतिलिपी ।

२०७७/७/२५

...नीय अधिकृत